सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ६ अङ्क ४१ असार १५ आईतबार

# शिक्षामा सुधार देखिए पनि सन्तोषको छैन

रुकुमपूर्वका विद्यार्थीहरूले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा अघिल्ला वर्षको तुलनामा केही सकारात्मक उपलब्धि हासिल गरेको देखिएको छ। २०८१ को नतिजामा उत्तीर्ण दर करिब ४०.०३ प्रतिशत पुगेको छ। गत वर्षभन्दा १० प्रतिशतको सुधार सकारात्मक खबर हो। तर जब हामी बाँकी ६० प्रतिशत विद्यार्थी 'नग्रेडेड' सूचीमा परेको तथ्यतर्फ हेर्छौं, सुधारको यो संकेतको पछाडि शिक्षा प्रणालीको गहिरो चुनौती लुकेको पाईन्छ।

शिक्षा भनेको राष्ट्र निर्माणको मेरुदण्ड हो। भन्ने नारा त कतै सिमित भएन। यो नतिजा केवल विद्यार्थीको असफलता होइन, विद्यालय व्यवस्थापन र सरकारको नीति–प्रवर्धनको प्रतिबिम्ब हो। २१औं शताब्दीको शिक्षाले सोच्न, बुझ्न र समाधान निकाल्न प्रेरित गर्नुपर्छ, जुन क्षमताको बीज बाल्यकालमै रोपिन्छ। शिक्षा सुधार गर्न भूमे गाउँपालिका अहोरात्र खतेको छ।

सकारात्मक पक्ष के भने, अब बहस सुरु भएको छ। 'किन कमजोर नतिजा आयो?' भनेर। यही प्रश्नले गाउँपालिकालाई पिरली रहेको छ। भूमे गाउँपालिकाकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर बजेटको थुप्रो देखाएर होइन, विद्यालयमा परिवर्तन देखाएर नेतृत्वको मूल्यांकन गर्दै आएको छ।
शिक्षामा सुधार केवल शिक्षकको जिम्मा होइन; अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, स्थानीय सरकार सबैको साझा कर्तव्य हो। शिक्षा मात्रै त्यो क्षेत्र हो, जहाँ लगानीको प्रतिफल तत्काल देखिँदैन तर दीर्घकालीन असर अवश्य पर्छ। गाउँपालिकाले शिक्षा क्षेत्रमा बजेट तर्जुमा गर्दा शिक्षण गुणस्तर सुधार, शिक्षक तालिम, बालमैत्री भौतिक संरचना र पुस्तक वितरण प्रणालीलाई प्राथमिकता दिएको छ।
अन्ततः एसईई केवल एक परीक्षा हो। यो विद्यार्थीको जीवनको अन्तिम मूल्याङ्कन होइन। तर हाम्रा विद्यालयहरूको सामाजिक, सांस्कृतिक र शैक्षिक अवस्थाको एक ऐनाको रूपमा यो नतिजा निश्चयै गम्भीर समीक्षा योग्य छ। सुधारको संकेत देखिएको छ, अब जिम्मेवार पक्ष सबै कार्यान्वयनको खाँचो छ।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमे गाउँपालिकाले सार्वजनिक गर्यो ५० करोडको बजेट



❖ *बालाराम शेर्पाली*

रुकुम पूर्वको भूमे गाउँपालिकाले ५० करोडको बजेट ल्याएको छ। भूमे गाउँपालिकाको १६ औं अधिवेशनको गाउँ सभामा गाउँपालिका उपाध्यक्ष सविना बुढा मगरले सोमबार गाउँ सभामा गरेको बजेट भाषणमा आर्थिक वर्ष २०८२/०८३ लागि ५० करोड ८४ लाख ६४ हजार ५ सय ७६ रुपैयाँ अर्थात ५८ दशमलव विनियोजन गरिएको छ।

कुल विनियोजन बजेट मध्य चालु तर्फ ३३ करोड ७७ लाख ७ हजार ९ सय रुपैयाँ रहेको छ। पूँजीगततर्फ १५ करोड ७ लाख ५६ हजार ६ सय ७६ रपैयाँ विनियोजन गरिएको छ भने आन्तरिक राजश्वबाट ७० लाख रुपैयाँ र राजस्व बाँडफाँडबाट ११ करोड ७८ लाख ७३ हजार ५ सय ६७ रुपैया रहेको छ।

यस्तै वित्तीय समानीकरण अनुदानबाट १२ करोड १० लाख ८१ अर्थात २३ दशमलव ८१ प्रतिशत र सशत्र अनुदानबाट २१ करोड ९९ अर्थात ४३ दशमलव २४ प्रतिशत रहेको छ। यस्तै विषेश अनुदान तर्फ १ करोड ४५ अर्थात ३दशमलव ६३ प्रतिशत स्रोत ब्यहोर्ने भएको छ। सम्मपूरक अनुदान तर्फ भने १ करोड ६१ लाख बराबरको वार्षिक कार्यक्रम सहित गाउँ सभामा बजेट प्रस्ताव प्राप्त भएको उपाध्यक्ष बुढाले पेश गर्नु भएको छ। गत वर्षको अनुमानित मौज्दात ८० लाख र आन्तरिक आयबाट १३ करोड २८ लाख ७३ हजार ५ सय ७६ रुपैयाँ अर्थात् २६ दशमलव १३ प्रतिशत रहेको छ।

जसमा गाउँपालिका भित्र माध्यामिक शिक्षा हासिल गरेर बसेका युवा युवतीहरुलाई गाउँपालिकामा निशुल्क कम्प्युटर शिक्षा र लोक सेवा कक्षा सञ्चालन गर्ने, दिगो विकास योजनहरु संगै लक्षित वर्ग बाल सञ्जाल, महिला समुह, दलित समुदायले पुर्खौं देखि गर्दै आएको पेशालाई व्यवस्थित गर्न बजेट विनियोजन गरिएको छ। विदेश पलायनलाई

रोक्न र गाउँमै रोजगारी सृजना गर्न, एक वडा एक सामाजिक परामर्श कर्ता, जेष्ठ नागरिक सँग उपाध्यक्ष, कोसेली कार्यक्रम, एक घर एक फलफूल जस्ता कार्यक्रमका लागि बजेट छुट्टयाइएको छ। गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को बजेटमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई लगायतका क्षेत्र, त्यस्तै कृषि, पर्यटन, कृषिको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरणमा जोड दिएको छ। पर्यटन पूर्वाधारको विकास लगायत रोजगारी प्रवर्द्धनमा पनि बजेटको व्यवस्था गरिएको छ।

# पुथाउत्तरगंगा र भूमेमा सयुक्त अनुगमन

❖ ***जयमान बुढामगर***



रुकुमपूर्वको पुथाउत्तरगंगा र भूमे गाउँपालिकाका विभिन्न ठाउँमा कृषि योजना सम्बन्धी अनुगमन गरिएको छ। शुक्रबार एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुमपूर्व र प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना, परियोजना कार्यान्वयन इकाइ रुकुमपूर्व र रोल्पाद्वारा किसानलाई दिइएको अनुदान कार्यान्वयन अवस्थाबारे अनुगमन गरिएको हो। जिल्ला स्थित यी दुई कार्यालय मार्फत किसानलाई दिइएको अनुदानबाट किसानले गरिराखेको खेतीपाती सम्बन्धी अनुगमन गरिएको प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना, परियोजना कार्यान्वयन इकाइका प्रमुख मिनबहादुर केसीले बताउनुभयो।

जसमा जिल्लाका पुथाउत्तरगंगा र भूमे गाउँपालिकाका विभिन्न ठाउँको अनुगमन गरिएको प्रमुख केसीले जानकारी दिनुभयो। आलु जोन योजना, पशुपालन प्रवद्र्धन, व्यवसायीक तरकारी खेती लगायतमा किसानलाई दिइएको अनुदान कार्यान्वयनको अवस्थाबारे अनुगमन गरिएको उहाँले बताउनुभयो।

किसान व्यवसायीक खेतीपाती र पशुपालनमा लागिरहेको पाइएको प्रमुख केसीको भनाइ रहेको छ।

यसैगरी एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख डिल्लीराज पौडेलले किसानलाई दिइएको अनुदानले उत्पादनमा वृद्धि हुनुका साथै किसान उत्साहित भएको पाइएको बताउनुभयो। सरकारले दिएको अनुदानका कारण उत्पादनमा वृद्धि हुनुका



साथै किसान व्यवसायीक खेतीपाती तर्फ लाग्नेमा उत्प्रेरित भइरहेको पौडेलले जानकारी दिनुभयो।

भूमे गाउँपालिका–२ मा रहेको त्रिवेणी फलफूल तथा तरकारी नर्सरी सञ्चालक धनराज पुनमगरले सरकारको अनुदानले व्यवसायीक तरकारी खेती गर्नमा सहयोग मिलेको बताउनुभयो। कार्यालयबाट अनुदानका साथै कृषि प्राविधिकको बारम्बार परामर्श समेत पाइराखेको पुनमगरले बताउनुभयो। सरकारले अनुदान दिइराखेकोले आफू व्यवसायीक तरकारी तथा नर्सरी उत्पादनमा लागिराखेको उहाँको भनाइ रहेको छ। पुनमगर मात्र होइन जिल्लाका धेरै किसानले सरकारबाट अनुदान पाएपछि पछिल्लो समय व्यवसायीक खेतीपाती र व्यवसायीक पशुपालनमा लागेका छन्।

सरकारले दिइराखेको अनुदानले किसान व्यवसायीक कृषि उत्पादनमा लागिराखेको पाइएको जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठले बताउनुभयो। कृषि उत्पादनका लागि सरकारले दिने गरेको अनुदानले किसान व्यवसायीक खेतीपाती तर्फ अग्रसर भइराखेको प्रमुख श्रेष्ठको भनाइ रहेको छ। अनुगमन टोलीले भूमे–२ काँक्रीको त्रिवेणी फलफूल तथा तरकारी नर्सरी फर्म, पुथाउत्तरगंगा–१० तक स्थित वर्षे आलु खेती प्रविधि कार्यक्रम, भूमे–७ धर्मशालामा रहेको व्यवसायीक बंगुर पालन, धर्मशालामै रहेको व्यवसायीक तरकारी खेती, सोही ठाउँमै रहेको बाली वस्तु विशेष सघन व्यवसायीक कृषि उत्पादनको अनुगमन गरेको हो।

अनुगमनमा जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठ, पुथाउत्तरगंगा गाउँपालिका अध्यक्ष पुनिराज घर्तीमगर, भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ, सिस्ने गाउँपालिकाका अध्यक्ष कृष्ण रेग्मी, प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपाने, सिस्ने गाउँपालिकाका उपाध्यक्ष गोपाल रेउले, पुथाउत्तरगंगा गाउँपालिकाका उपाध्यक्ष नरपुरा बुढा पुन, प्रधानमन्त्री कृषि अनुनिकीकरणका प्रमुख मिनबहादुर केसी, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख डिल्लीराज पौडेल यसैगरी जलस्रोत तथा सिंचाइ सव डिभिजन कार्यालयका प्रमुख मदन शाह, निमित्त जिल्ला समन्वय अधिकारी रविन्द्र बुढाक्षेत्री, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख भोला शर्मा, उद्योग वाणिज्य संघका जिल्ला अध्यक्ष केवेन्द्र गौतम, सहकारी संघका जिल्ला अध्यक्ष वशन्तकुमार श्रेष्ठ, डिभिजन वन कार्यालयका रेञ्जर विश्व केसी लगायतको उपस्थिति रहेको थियो।

भूमे सासाहिक
नागरिक
५
वर्ष ६ अङ्क ४१ २०८२ असार १५
आईतबार

# बार्षिक नीति तथा कार्यक्रमले कृषि, पर्यटन, स्वास्थ्य र शिक्षामा जोड




❖ ***सासाहिक संवाददाता***

रुकुमपूर्वको भूमे गाउँपालिकाले आर्थिक वर्ष ०८२/८३ का लागि बार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। सोमबार सम्पन्न १६औं गाउँसभा अन्तर्गतको पहिलो बैठकमा गाउँपालिका अध्यक्ष तथा गाउँसभा सभाध्यक्ष होम प्रकाश श्रेष्ठले बार्षिक तथा नीति कार्यक्रम प्रस्तुत गर्नुभएको हो।

गाउँपालिकाको बार्षिक नीति कार्यक्रममा कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, उद्यमशीलता र पूर्वाधार विकासजस्ता क्षेत्रलाई प्राथमिकता दिइएको छ। विशेष गरी 'अर्गानिक भूमे' को अवधारणालाई सशक्त बनाउँदै नमूना कृषि गाउँ कार्यक्रम, सामुदायिक बीउ बैंक, प्रतिफलमा आधारित अनुदान, उत्कृष्ट कृषक सम्मान, कृषि उद्यम कर्जा, र निःशुल्क बिरुवा वितरण जस्ता कार्यक्रम अघि सारिएको छ।

यस्तै गाउँपालिकाले स्थानीय कच्चा पदार्थ र जडीबुटीमा नीतिगत, कानुनी र प्रशासनिक व्यवस्था गर्दै परम्परागत उद्योगलाई सुदृढ र व्यवसायिक बनाउने नीति लिएको छ। महिला उद्यमशिलता प्रवर्द्धनका लागि शहीद धनमाया श्रेष्ठ उद्यमशीलता कार्यक्रमलाई निरन्तरता दिने भएको छ।

यसै गरि गाउँपालिकाले दिगो पर्यटन विकासलाई अर्को मुख्य प्राथमिकता दिएको छ। गाउँपालिका भित्र रहेका प्राकृतिक, साँस्कृतिक र ऐतिहासिक स्थलहरूको पहिचान तथा सम्भाव्यता अध्ययनसहित

गुरुयोजना तयार पारिने बताइएको छ। शिक्षा क्षेत्रमा दरबन्दी मिलान, शिक्षण सिकाइ अनुदान, र शैक्षिक कर्जा कार्यक्रम निरन्तर रहने जनाइएको छ। स्वास्थ्य सेवामा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा, घरमै सेवा, दीर्घरोगीका लागि निःशुल्क औषधि वितरण, तथा ७० वर्ष माथिका नागरिकहरूलाई प्राथमिकता दिने नीति लिइएको गाउँसभाका सदस्य सचिब देबिलाल बिकले बताउनु भएको छ।

गाउँमा रहेको रोजगार सेवा केन्द्रलाई सुदृढ गर्दै सुरक्षित वैदेशिक रोजगार सम्बन्धी परामर्श सेवा प्रदान गरिने र सम्पूर्ण करार र ज्यालादारी कर्मचारी तथा शिक्षकहरूलाई सामाजिक सुरक्षाकोषमा आबद्ध गरिने कार्यसमेत नीति र कार्यक्रममा समावेश गरिएको छ।

बेरुजु फछ्यौट गर्न आगामी आर्थिक वर्षलाई बेरुजु फछ्यौंट गर्ने लक्ष्य लिएको छ। मौलिक र लोपोन्मुख कला–संस्कृतिको संरक्षणका लागि भूमे सांस्कृतिक महोत्सव, अध्ययन अनुसन्धान, डकुमेन्ट्री निर्माण र अभिलेखिकरण कार्यक्रमलाई निरन्तरता दिने भएको छ। साथै, रिङरोड, लिङ्करोड तथा सहायक सडकमा बायोइन्जिनियरिङ प्रविधि अनुसार वृक्षारोपण गरिने गाउँपालिकाले जनाएको छ। साथै गाउँपालिकाले भूमीहिन दलित, अव्यवस्थित बसोवासीको समस्या समाधानको लागि तथ्याङ्क संकलन, प्रमाणिकरण र अभिलेखिकरण गरी भूमी समस्या समाधान आयोग सँग आवश्यक सहकार्य गरी जग्गा धनी प्रमाणपुर्जा वितरण गर्ने भएको छ। उक्त बार्षिक निति कार्यक्रममा न्यायिक समितिका सयोजंक तथा गाउँपालिका उपाध्यक्ष सविना बुढामगर, कार्यापालिका सदस्य भारती नेपाली, विधायन समितिका संयोजक तथा २ नम्बर वडाका वडा सदस्य रकम पुनमगरले शुभकामना मनत्व्य दिनु भएको थियो।

# भूमेमा ६ दिने पत्रकारिता तालिम सम्पन्न

❖ *साप्ताहिक संवाददाता*

स्थानीय स्तरमा सञ्चारको सशक्तीकरणका लागि रुकुमपूर्वको भूमे गाउँपालिकाले एक उल्लेखनीय कदम चालेको छ। गत हप्ता देखि नेपाल पत्रकार महासंघ रुकुम पूर्वको आयोजना र गाउँपालिकाको आर्थिक सहयोगमा ६ दिने पत्रकारिता तालिम सम्पन्न भएको छ।

आधारभूत पत्रकारिता तालिममा पालिकाका ९ वटै वडाबाट पत्रकारिताप्रति रुचि भएका महिला र पुरुषहरूको उत्साहजनक सहभागिता भएका ६ दिन सम्म चलेको तालिममा सहभागीहरूलाई समाचार लेखन र उद्घोषणको ज्ञान दिनुका साथै स्थानीय मुद्दालाई उजागर गर्ने अभ्यास सिकाईएको थियो।

वर्ष ६ अङ्क ४१ २०८२ असार १५ आईतबार



रेडियो सीआईएनका पत्रकार लिलप्रकाश चन्द, बरिष्ठ पत्रकार गणेश सिर्पाली र जयमान बुढामगरले सैद्धान्तिक तथा व्यवहारिक प्रशिक्षण दिनुभएको थियो। ६ दिन सम्म सहभागी भएका कमल सुनार र आशकुमारी रोकाले तालिम अत्यन्त उपयोगी भएको प्रतिक्रिया दिंदै, अब आफूहरू समाजका सकारात्मक परिवर्तनहरूलाई उजागर गर्न तत्पर रहेको बताएका छन्।

तालिमका प्रशिक्षक चन्दले पत्रकारिता पेशा अहिलेको प्रविधियुक्त युगसँग मेल खानु आवश्यक रहेको भन्दै एआई प्रविधिसँगै पत्रकारितालाई पनि अद्यावधिक गर्दै लैजानुपर्ने बताउनु भएको छ। यस्तैप्रशिक्षक गणेश सिर्पालीले भने पत्रकारितामा आवश्यक मूल्यहरू—इमानदारी, धैर्यता र अध्ययनशीलता मन्द हुँदै गएको बताउनुभयो।

कार्यक्रमको समापन समारोहमा बोल्दै गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देवीलाल विकले रुकुमपूर्वका सञ्चार माध्यमहरू अन्य जिल्लाभन्दा अगाडि रहेको उल्लेख गर्दै, सुशासन प्रवर्द्धनमा स्थानीय पत्रकारिताको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभएको छ। त्यस्तै, संस्थापक अध्यक्ष रामसुर बुढामगरले सञ्चार क्षेत्रको विकास अब स्थानीय आवश्यकता भएको बताउनुभयो।

गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले 'नागरिकसँग भूमे गाउँपालिका', 'कृषि प्राविधिक', 'दलित आवाज' र 'महिला आवाज' जस्ता कार्यक्रमहरू रेडियो र अन्य माध्यमबाट निरन्तर सशक्त बन्दै गइरहेको बताउनुभयो। यस्ता कार्यक्रमहरूलाई आगामी वर्षहरूमा अझ प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्नु भएको छ।

कार्यक्रमको समापनमा महासंघका अध्यक्ष बसन्त बाँठा मगरले पालिकाको सहकार्यप्रति आभार व्यक्त गर्दै, सहभागीहरूले तालिमबाट प्राप्त ज्ञान व्यवहारमा उतार्ने अपेक्षा व्यक्त गर्नुभएको छ।

# धान पाक्ने खेतमा मकै रोप्न थाले कृषक



❖ *कमल बिक*

हामाली जिल्ला रुकुम पूर्वको भूमे गाउँपालिकामा परम्परागत धान खेती जीवित रहेको एकमात्र गाउँ हो सिमा। परापूर्वकालदेखि यहाँका किसानहरूले धान रोप्दै आए पनि पछिल्लो समय खेतीप्रतिको चासो घट्दै गएको छ। बाँकी गाउँमा मकै खेतिमा रूपान्तरण भएको छ भने धेरै जमिन बाँझो बन्दै गएका छन्। भूमे–३ स्थित सिमा गाउँमा अझै करिब १सय ४० घरधुरी रहेको गाउँमा अहिले निकै कम मात्रामा धान रोप्दै आएका छन्। बैशाखमा बिरुवा राखेर असारकव पहिल साता देखि रोपाइँ सुरु गरेर असारको तेस्रो हप्तासम्म रोपाइँ गर्दै आएको स्थानीय किसान नरजित पुनले बताउनुभयो। सिमा खेतमा रुकुमेली, भत्ते, रातो र विकासी जातका धान रोपिन्छ। “धेरै खर्च, धेरै मेहनत लाग्छ, तर आफ्नै उत्पादनको चामल खान पाउँछौं भन्ने सन्तोष छ,” किसान दिलसरा पुनले भन्नुभयो।

तर खेती घाटामूलक बन्दै गएपछि धेरैले धान खेती छाडेको पुनले दुख व्यक्त गर्नुभयो।

सो गाउँमा १ सय ४० घरधुरीमध्ये आधा भन्दा बढीले अहिले पनि धान रोप्दै आएका छन्। बाँकी मकै, कोदो र तरकारीतर्फ लागेका छन्। “धान खेती

अब परम्परा जोगाउने नाममा मात्रै बाँकी छ," अर्का किसान हरी पुनले भन्नुभयो। छिमेकी सिस्ने गाउँपालिकाका केही वडामा अहिले पनि धान रोपाइँ हुने गरेको छ। यद्यपि त्यहाँ पनि युवा विदेशिएपछि र श्रमको अभाव भएपछि खेती घट्दै गएको छ। पुथा उत्तरगंगा गाउँपालिकामा भने लेकाली स्थान भएकोले मकै फल्न पनि निकै कठिन हुने गर्दछ।

पछिल्ला वर्षहरूमा धान खेती लोप हुँदै गइरहेको छ। "बर्सेनि खेतमा झार उम्रन्छ, कृषिमा चासो घट्दै जाँदा परम्परा संकटमा गएको छ। धान रोप्ने गीत, रोपाइँको रौनक र खेतको हरियाली अब सिमाका केही डाँडामा मात्र सीमित हुन थालेको छ। कृषिमा सरकारी लगानीको अभाव, स्थानीय तहको निष्क्रियता, र प्रविधिको पहुँच नहुँदा परम्परागत खेती हराउने अवस्थामा पुगेको किसानहरूको गुनासो छ।

# भूमे–७ का जेष्ठ नागरिक, अपाङ्ग र सहिद परिवारसंग अन्तरक्रिया

❖ *चयन कुमार बुढा*

रुकुमपूर्वको भूमे गाउँपालिका –७ मा वडा कार्यालयले जेष्ठ नागरिक, घाइते अपाङ्ग र सहिद परिवारहरूसँग अन्तरक्रिया गर्दै सम्मान कार्यक्रम सम्पन्न गरेको छ। बिहिवार धर्मशालामा आयोजित कार्यक्रममा सहभागीहरूलाई छाता वितरण गर्दै वडाले कदर प्रकट गरेको हो।

कार्यक्रमा वडा अध्यक्ष सङ्गम रोकाले योगदान गरेका व्यक्तिप्रति सम्मान प्रकट गर्नु स्थानीय सरकारको कर्तव्य भएको बताउनुभयो। जसले समाजका लागि योगदान गर्नुभयो, उहाँहरूलाई सम्झिनु र सम्मान गर्नु दायित्व भएको बताउनुभयो।

यस्तै जिल्ला समन्वय समिति सदस्य महिमान रोकाले वडास्तरमै यस्ता कार्यक्रम हुनु सकारात्मक अभ्यास भएको धारणा ब्यक्त गर्नुभयो। कार्यक्रममा सहभागी जेष्ठ नागरिक कबिराज रोकाले यस्तो




सम्मानले आफूहरूमा आत्मबल बढेको बताउनुभयो। उक्त कार्यक्रममा वडा भित्रका अधिकांश जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र सहिद परिवारका प्रतिनिधिहरूको उपस्थिति थियो।

भूमे साप्ताहिक
शिक्षा १०
वर्ष ६ अङ्क ४१ २०८२ असार १५ आईतबार

# रुकुमपूर्वमा एसईईको नतिजा : सुधारोन्मुख



नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शिक्षा विकास तथा समन्वय इकाइ
रुकुमकोट, रुकुम पूर्व

प. सं. :- २०८१।०८२
च.नं. :
मिति : २०८२।३।१४

विषय : SEE नतिजा सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा राष्ट्रिय परीक्षा बोर्ड,परीक्षा नियन्त्रण कार्यालय कक्षा १०,सानोठिमी,भक्तपुरद्वारा मिति २०८२।३।१३ गते प्रकाशित २०८१ सालको SEE परीक्षाको नतिजा अनुसार रुकुम पूर्व जिल्लाबाट सहभागी भएका परीक्षार्थीहरुको नतिजा देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

तपसिल :

| क्र.सं. | GPA | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ३.६१-४.०० | ५ | | |
| २ | ३.२१-३.६० | ३६ | | |
| ३ | २.८१-३.२० | ११२ | | |
| ४ | २.४१-२.८० | १३६ | | |
| ५ | २.०१-२.४० | ३६ | | |
| ६ | १.६१-२.०० | ० | | |
| ७ | १.६० | ० | | |
| ८ | १.६० भन्दा कम (NG) | ५९७ | | |
| | जम्मा उत्तीर्ण (नियमित) | ३२५ | ३५.२५ % | जम्मा परीक्षार्थी (नियमित) -९२२ |
| | जम्मा उत्तीर्ण (ग्रेडबृद्धि समेत) | ४४६ | ४०.०३% | जम्मा परीक्षार्थी (ग्रेडबृद्धि समेत) -११८९ |
| | | | | |

तिलक गौतम
इकाइ प्रमुख

❖ *सप्ताहिक संवाददाता*

माध्यमिक शिक्षा परीक्षा (एसईई)–२०८१ को नतिजा सार्वजनिक भएसँगै रुकुमपूर्वका विद्यालयमा मिश्रित प्रतिक्रिया देखिएको छ। जिल्लाका २६ वटा माध्यमिक विद्यालयबाट परीक्षा दिएका एक हजार एक सय ८९ जना विद्यार्थीमध्ये ४०.०३ प्रतिशत मात्रै उत्तीर्ण भएका छन्। शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख तिलक गौतमका अनुसार नियमित परीक्षा दिएका ९२२ जना विद्यार्थीमध्ये ३२५ जना (३५.२५%) मात्र सफल भएको जानकारी दिनुभयो। गौतमका अनुसार ग्रेडवृद्धि तर्फका २६७ जना मध्ये १२१ जनाले मात्रै ग्रेड सुधार गर्न सफल भएको बताउनुभयो। समग्रमा ४४६ जना विद्यार्थीले परीक्षा पास गरेका हुन् भने ७४३ जना अर्थात ६० प्रतिशत विद्यार्थी 'नग्रेडेड' सूचीमा परेका छन्।

गत वर्षको तुलनामा यस वर्ष एसईईको नतिजा केही सुधार भएको छ। यस वर्ष करिब १० प्रतिशत भन्दा बढि उत्तीर्णको दरबढेको हे। जुन सकारात्मक संकेत देखिएको छ। उत्तीर्ण हुने विद्यार्थीमध्ये केवल पाँच जनाले ३.६१ देखि ४.०० जीपीएको दायरामा अंक हासिल गरेका छन्। ३.२१–३.६० जीपीएमा ३६ जना, २.८१–३.२० मा ११२ जना, २.४१–२.८० मा १३६ जना र २.०१–२.४० जीपीएको स्तरमा ३६ जना विद्यार्थी परेका छन्।

नतिजा सँगसँगै परीक्षा नियन्त्रण कार्यालय–कक्षा १० ले पूरक परीक्षाको तालिका पनि सार्वजनिक गरेको छ। साउन २९ गतेदेखि भदौ ६ गतेसम्म चल्ने परीक्षा बिहान ८ देखि ११ बजेसम्म सञ्चालन हुने छ। ग्रेड प्राप्त गर्न नसकेकाहरू र परीक्षामा उपस्थित हुन नसकेकाहरूले पूरक परीक्षा दिन पाउने भएका छन्।

वर्ष ६ अङ्क ४१ २०८२ असार १५ आईतबार

# खेतमै धान दिवस



❖ *साप्ताहिक संवाददता*

“निधारमा हिलोको टिका, गलामा धानको माला, हातमा बिरुवा, अनि पाखुरी समाएर रोपाईं” यस्तो दृश्यले आइतबार रुकुमपूर्वको भूमे गाउँपालिका–३ सिमा गाउँको खेतलाई बालक देखि बृद्धअबश्थाका नागरिक र सरकारी कर्मचारी त्यो दृष्यले निकै चहलपहल बनायो।

२२ औं राष्ट्रिय धान दिवसको अवसरमा जिल्लाका एक मात्रै धान फल्ने खेतमा कार्यक्रम आयोजना गरेर सम्पन्न भयो। “अरू चाडपर्वजस्तै भाषणले मात्रै धान दिवस मनाउन सकिन्न,” स्थानीय हरि पुनमगर भन्छन्, “यसपालि अतिथिहरू पनि हिलोमा खुट्टा भिजाएरै रोपाईंमा उत्रिए, रमाइलो भयो।”

“धानबालीमा सघनता, खाद्य सुरक्षा र आत्मनिर्भरता” भन्ने राष्ट्रिय नारासहित मनाइएको दिवस भूमे गाउँपालिका र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय,रुकुमपूर्वको संयुक्त आयोजनामा सम्पन्न भएको हो। कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठले कृषि उत्पादन वृद्धि गर्न राज्यको नीति किसानमुखी हुनुपर्ने बताउनु भएको छ। उहाँले खेती गर्न सजिलो बनाउने प्रविधि र यान्त्रिकी करणलाई प्राथमिकतामा जोड दिने बताउनुभयो। भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले कृषि आत्मनिर्भरता हासिल गर्न तीनै तहका सरकार एक भएर काम गर्नुपर्ने बताउनुभयो। कृषि पेशाबाट आत्मा निर्भर हुन गाउँपालिकाले कृषिलाई जोड दिएको बताउनुभयो। अध्यक्ष श्रेष्ठले अहिलेको आवश्यकता भनेको नीति मात्रै होइन, त्यसको प्रभावकारी कार्यान्वयन पनि रहेको उल्लेख गर्नुभएको छ। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख डिल्लीराज पौडेलका अनुसार, जिल्लाको १ लाख १६ हजार ९० हेक्टर क्षेत्रफल मध्ये १९ हजार ३९५ हेक्टर (१६.७१%) मात्रै खेतीयोग्य छ। त्यसमा पनि ३५४ हेक्टर (१.८३%) मा मात्र धान खेती हुने गरेको उनले जानकारी दिनुभएको छ। हिमाली जिल्ला रुकुमपूर्वमा प्रमुख अन्नबाली मकै, गहुँ, जौ र आलु हुन्। धान खेतीको सम्भावना भए पनि सिंचाइ र प्रविधिको अभावमा यो विस्तार हुन सकेको पोडेलले बताउनुभयो।

कार्यक्रममा विशेष अतिथिका रूपमा प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपाने, भूमेका संस्थापक अध्यक्ष रामसुर बुढामगर, उपाध्यक्ष सविना बुढामगर, प्रधानमन्त्री कृषि परियोजनाका प्रमुख मिनबहादुर केसी, जलस्रोत तथा सिँचाइ सव डिभिजनका प्रमुख मदन शाह, जिल्ला समन्वय अधिकारी रविन्द्र बुढाक्षेत्री लगायतको उपस्थिति थियो। कार्यक्रमको सञ्चालन कृषि अधिकृत थलराज बस्नेतले गर्नु भएको थियो।

## वडा कार्यालयले अपाङ्गता र ज्येष्ठ नागरिकलाई सम्मान



❖ *रबिना बिश्वकर्मा*

रुकुमपूर्वको भूमे गाउँपालिका–५ वडा कार्यालयले वडाका अपाङ्गता र ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ। आज आइतबार वडा कार्यालय सेराबाङमा वडाका अपाङ्गता र ज्येष्ठ नागरिकलाई सम्मान गरेको हो। चालु आर्थिक वर्षको वडाको बजेटले वडाका अपाङ्गता र ज्येष्ठ नागरिकलाई सम्मान गरिएको वडाध्यक्ष टेकप्रसाद बुढामगरले बताउनुभयो। सम्मान कार्यक्रममा प्रति व्यक्तिलाई एक वटा न्यानो बर्की वितरण गरिएको वडाध्यक्ष बुढामगरले जानकारी दिनुभयो। अपाङ्गता र ज्येष्ठ नागरिकलाई सम्मान मात्र नभई उहाँहरूसँग भेटघाट गर्ने अवसर समेत मिलेको वडा सदस्य भारती छिनालले बताउनुभयो। वडाको एक लाख ५० हजार रुपियाँ बजेटले उक्त सम्मान कार्यक्रम गरिएको वडाले जनाएको छ। वडा कार्यालयले सम्मान गरेको भन्दै ज्येष्ठ नागरिक संसरी बिकले खसी व्यक्त गर्नभयो।

# किशोरी सशक्तीकरणका लागि नियमित बैठक

❖ *झरना बुढामगर*

रुकुमपूर्वको भूमे गाउँपालिका–३ का विद्यालयमा अध्ययनरत किशोरीहरू हरेक शुक्रबार नियमित बैठक बस्दै आएका छन्। नेपाल सर्वाङ्गीण विकास समाजको सहजिकरणमा रहेको सो कार्यक्रम विगत तीन वर्षदेखि सञ्चालन हुँदै आएको छ। साप्ताहिक बैठक किशोरीहरूको दैनिक जीवनमा आइपर्ने समस्या, समाधानका उपाय, तथा किशोरावस्थामा हुने शारीरिक र मानसिक परिवर्तनबारे जानकारी प्रदान गर्ने थलो बनेको छ।

कार्यक्रममा नेतृत्व गर्दै आउनु भएका नेपाल सर्वाङ्गीण विकास समाजका कार्यक्रम प्रवन्धक विजय लामाका अनुसार, बैठकहरूमा किशोरी सशक्तीकरणका विविध विषयमा समेत छलफल गरिएको थियो। यस कार्यक्रम अन्तर्गत किशोरीहरूलाई स्यानिटरी प्याड तथा 'किशोरी सशक्तीकरण सहयोगी पुस्तिका' समेत वितरण गर्रिदै आएको छ।

संस्थाले भूमे–३ का विद्यालयहरूमा दिवा खाजा वितरणजस्ता पोषण कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ। स्थानीय विद्यालयहरूमा किशोरीका लागि यस्ता नियमित बैठकले उनीहरूको आत्मविश्वास अभिवृद्धि गर्न मात्र होइन, उनीहरूलाई जिम्मेवार र जानकार नागरिक बनाउन पनि सहयोग पुगिरहेको विद्यालय प्रशासनले जनाएको छ।

# जब आत्माको बगैचामा पाइला टेक्यौ...



❖ *सुवास राई*

चर्किंदो पानीको धार र आकाशको गर्जनले मेरा आँखा खुल्छन्। बेलुकी ९ बजेदेखि सुरु भएको पानी अझै रोकिएको छैन। समुन्द्र सतहदेखि ३१५७ मिटरको उचाइमा दुई वटा सानो काम चलाउ होटल छ। एउटा होटलको एक कुनाको कोठामा म र रविन पुन सुतिरहेका छौं। बाहिरको गर्जनले भित्रको सन्नाटा चिर्दै छ।

झरीले निद्रा छिटै खुल्छ, तर समय कति भयो थाहा छैन। बिजुली छैन। मोबाइल अफ छ। हामीले बेलुकै ब्याट्री बचाउन स्विच अफ गरेका थियौं। झ्यालबाट हेर्छु, केही देखिन्न। तर कानले सुन्छ-झरीको आवाज। अग्ला पहाडबीच लुकेको त्यो मध्यपहाडी लोकमार्ग। यो लुम्बिनी र गण्डकीको सिमाना हो। अनि बागलुङ, रोल्पा र रुकुमको मिलन बिन्दु। स्थानीयहरूले यसलाई सिमाना, पातीहाल्ने वा पाती चढाउने ठाउँ भनेर चिन्छन्। यहीँबाट हाम्रो आजको यात्रा सुरू हुँदैछ।

रविन अझै गहिरो निद्रामा हुनुहुन्छ। म भने बेचैन छु। साँझै योजना बनेको थियो, यदि बिहान झरी रोकियो भने ढोरपाटन ट्रेक सुरु गर्ने, नभए भोली पोखरा फर्किने। तर बिहान ६ बजेसम्म पनि पानीको भेल बगिरहेको छ। बादलहरू भने विस्तारै माथि उक्लिन थालेका छन्। आकाश खुलेको संकेत हो यो। झट्ट आँखा चम्किन्छ। तर... चौरी लेक पार गर्नुपर्ने ४,००० मिटरको ट्रेक? एकछिन मौन रह्यो। अनि निर्णय गर्यौं– आज ढोरपाटन नजाने। तर त्यो लेकसम्म पुग्ने छौं। हामीले योजना बनायौं- लेकसम्म पुग्ने, फर्किने, अनि सिधा पूर्वी रुकुमतिरबाट काठमाडौं झर्ने। होटलमा फिर्ता आएर खाना खाने भनेर अनुरोध गर्‍यौं। अनि सुरू भयो-एक रमाइलो, अद्भुत, रोमाञ्चक, र चिसो तर जादूमय यात्रा। होटलमा खाना बनाइदिनु फर्किएर खानेछौ भनेर आग्रह गर्छौं। चुनबाङबाट रविन सरको आमाले लगाई दिनुभएको खाजा र काकाले दिनुभएको महको पोको बोकेर हामी पानीको भेल छल्दै उकालो हिड्न थाल्छौं। होटलको चिम्नीबाट निस्कने धुवाँ बिस्तारै बादलसँग मिसिन्छ। पहाडी

राजमार्गमा सवारी साधनको आवतजावत न्यून छ। जंगलमा बास बसेका भैंसीहरूको हुलले हामीलाई अनौठो मानेर हेरिरहेका छन्। सेता फूलहरु यत्रतत्र फूलेकाछन। भैसि गोठहरुको छाना माथि धुवा देखिन्छ। भेडि गोठहरु सुनसान छन। ठूलठूला खस्रुका रूखहरू ठङ्गिएका छन्। राति जंगलमा बसेका भेडाहरूको एउटा हुल माथि डाँडाको टुप्पोमा चरिरहेका छन्। हामीले त्यो डाँडा नाघ्नुपर्छ। रविनले पहिलेनै त्यो डाँडा माथिसम्म पुगिसक्नुभएको छ, तर यो भन्दा अगाडिको अग्लो डाँडामा उहाँको यो पहिलो यात्रा हो।

बिहानीको जोश र सुधारिँदो मौसमले म उत्साहित हुँदै छिटो छिटो खुट्टा चाल्छु। हावाले रूखका पात नहल्लाई बिस्तारै बगाउँदै धुवाँको गन्ध हामीसँग ल्याउँछ। नजिकै गोठ हुनुपर्छ भन्ने अनुमान गर्दै हिड्दा एउटा भेडा गोठ देखिन्छ। गोठ छेउमा एक बथान भेडाहरू जंगल जान खुट्टा तन्काउदै तयार भएर मालिकको आदेशको पर्खाइमा छन्। हाम्रो गन्ध पत्ता लगाएर एउटा युवा भोटे कुकुर हामीतर्फ भुक्दै आउँछ। भोटे कुकुरको स्वभाव राम्रो थाहा भएकाले हामी भाग्नुको सट्टा उसको गोठतर्फ अगाडि बढ्छौं। नजिक आएपछि उसले हामीलाई चिनेजस्तो गरी स्वागतको लागि पुच्छर हल्लाउँछ। हामी पालैपालो भेडाहरुलाई पछाडी पारेर फोटो खिच्दै गर्दा गोठभित्रबाट भेडाको मालिक बाहिर निस्कन्छन्। पहिलो निस्कनेले कुकुरले टोक्छ भन्दै हाम्रा छेउ आउँछन्, पछि निस्कनेले अर्को ठूलो भोटे कुकुर तान्दै लगेर बाँध्न खोज्छन्। त्यो कुकुरले पनि हामीलाई आफ्नै सम्झेजस्तो देखिन्छ। उस्ले हामीलाई टोक्न बल गर्दैन। मैले जम्मा भेडा कति छन् भनेर सोध्दा दाइले ३ सय वटा छन् भन्छन्। अरु आज जंगलमा बास बस्यो आएको छैन।

रविनले फोटो खिचिरहनुभएको छ। उहाँले माथि डाँडाको टुप्पोमा चरिरहेका भेडाहरू सङ्केत गर्दै भन्नु हुन्छ, त्यो यही गोठको होलान् भन्दै हिड्नुहुन्छ। म पनि पछि लाग्छु। हरियो घाँसे मैदानमा हिड्न छुट्टै आनन्ददायी हुन्छ। बिहानिको खुलेको मौसममा पछाडि लहरै जोल्ठिएका बाग्लुङका पहाडहरू धेरै राम्रो र आकर्षक देखिन्छन्। अलिक पर पुगेपछि पछाडि फर्केर हेर्दा अर्को डरलाग्दो भोटे कुकुर हाम्रो पछि-पछि आउँछ। भाग्न असम्भव देखिन्न। हामी उभिन्छौं र उसलाई माया गर्ने कोसिस गर्छौं। एकैछिनमा उ हाम्रो साथी बन्छ। त्यो देखेर अन्य गोठका मानिसहरू अचम्ममा पर्छन्। हामी कुकुरसँगै रिगल दह सम्म हिड्छौं। ३,३०० मिटर उचाइमा रहेको रिगल दह बागलुङ जिल्लामा पर्छ। यसको संरक्षण कार्य भइरहेकाले यो धेरै आकर्षक देखिँदैन। रविन पुनले यसको नामको बारेमा बताउनुहुन्छ रिगल मगर खाम भाषाबाट आएको नाम हो। रि भनेको पानी, गल भनेको बदेल। उहिले यहाँ बदेल पानी पिउन

आउने गर्थ्यो र मगर सिकारीहरूले उनीहरूलाई सिकार गर्थे। त्यसैले यसको मगर खाम भाषामा रिगल रहन पुग्यो। हाम्रो खुट्टा उकालो बाटो तर्फ फटाफट सर्न थाल्छ। उकालो हिड्न गाह्रो हुँदैन। म जाडो याममा ४,००० मिटरभन्दा माथि सजिलै हिड्न सक्छु, गर्मी याममा हिड्नु गाह्रो हुने कुरा भएन। बिस्तारै छुटेका बादलका लप्काले हामीलाई छोएर जान्छन्। चराहरू कराउँछन्, सायद चील देखेर होला। नजिकैको खस्रुको रूखको टुप्पोमा एउटा चील बसेर खुट्टा तन्काउँछ, जस्तो निद्राबाट भर्खर उठेको हुनुपर्छ। हामी कच्ची सडकतर्फ हिड्न थाल्छौं। गर्मीमा पुरै हिउँले ढाकिने र वर्षामा हिलोले भरिएको यो सडकको अहिले कुनै महत्त्वपुर्ण उपयोग देखिँदैन। तर भविष्यमा कुनै ठूलो योजनाको लागि यो काम आउला भन्ने सोच्दै हिड्छु। जङ्गल भन्दा माथी पुगिसकेकाछौं तल पहाडको फेदीमा पुष्पलाल मध्य पहाडी लोकमार्ग लमतन्न सुतेको देखिन्छ। सवारी साधनहरूको चाप छैन।

बादल पनि पहाडको फेदमा लुकेर बसेको छ, जस्तो रातभरिको झरीले थकाएको होस्। रोल्पातर्फका अग्ला पहाडहरू देखिन्छन्। क्रमश ति पहाडहरू तल पर्न थाल्छन्।

लुकेर बसेका बादलहरू बिस्तारै विभिन्न आकार लिँदै सलबलाउँछन्। जुन दृश्यलाई हेरिरहनु जस्तो हुन्छ। सडक सकिने बित्तिकै घोडेटो बाटो सुरु हुन्छ। अद्भुत पहाडको बीचमा बनेको यो बाटोले पहाडलाई राम्रो बनाएको छ। यदि स्वर्ग छ भने त्यहाँ जाने बाटो पनि यस्तै हुन्छ होला भन्ने सोच्दै हिड्छु। बाटो मुनि जहाँसम्म जंगल छ, त्यहाँ थुप्रै गोठहरू छन्।

सायद पानीको स्रोत त्यहाँभन्दा माथि नभएकाले गोठहरू माथि नबनाएको हुनुपर्छ। अनगन्ती गाईगोरुहरू चरिरहेका छन्। उनीहरूको घाटीमा झुन्डिएको घन्टीहरूको मधुर आवाजले वातावरण सङ्गीतमय बनाएको छ। उनीहरू आफ्नो समूहसँग ईमानदारीसाथ रहेका छन्। कुनै गोठालोको आवश्यकता छैन।

जाडो याममा यहाँ सम्म आईपुग्ने भेडि गोठहरु आजभोलि बुकि पाटन तिर सरेको छ र गाउँबाट भैंसिगाई गोठ यहाँ निक्लेको छ। छोडेर जानेहरूको सम्झनामा बाटोमा देउराली उभिएको छ। यहीं देउरालीमा फेरि भेट्ने वाचा गरेर छुटेका हुनुपर्छ। त्यो वाचा पूरा गर्न हिउँ, पानी र हुरीले पनि देउराली लाई केही गर्न सक्दैन। वाचा गरेर जानेहरू फर्केर आउने आशामा बनाईएको देउरालीलाई सुम्सुम्याउँदै हामीले पालैपालो पाती चढाएर पछि म उकालो हिड्छु। रविन सरले फोटो खिच्न थाल्नुहुन्छ। उकालोमा घाँसे चौरमा गाईगोरुहरूको समूह आराम गरिरहेको छ। प्राय सबै गोरुहरूको एक अथवा दुई सिङ भाँचिएको हुन्छ।

वर्ष ६ अङ्क ४१ २०८२ असार १५
आईतबार



सायद उनीहरू लडाकु छन्। उनिहरुले हान्न आए भने म थोरै डराएर भाग्ने बाटो हेर्छु, तर उनीहरूले हामीलाई हान्ने जागर गर्दैनन्।

आकाश हल्का बादलले ढाकेको छ, हावा मन्द गतिमा चल्दैछ। बिहानको १० बज्न लागेको छ। बिस्तारै डाँडाको पछाडिको बादल माथि धौलासिरी तर्फ सर्न थाल्छ। तल तिर हरियो चौरमा थुप्रै गोठहरू देखिन थाल्छन्। ठूलठूला सल्ला र खस्रुका रूखहरू देखिन्छन्।

हामी खुशीले चिच्याउन थाल्छौं। जति चिच्याउँदै हिड्छौं, बादल उत्तिकै माथि सर्छ। एकैछिनमा बादलको बीचबाट ढोरपाटन उपत्यकाको अलिकति बजार र त्यो माथिका डाडाहरु देखिन्छ। हामी पहिले पुगिसकेकाले ढोरपाटन चिन्न केही समय लाग्दैन। रातभरि परेको पानीले ढोरपाटनको छेउबाट बग्दै झरेको उत्तरगङ्गा नदीमा बाढीले धमिलो देखिदैछ। नागबेली आकारमा बगेर निसेल ढोर गाउँको छेउबाट उधो बग्दैछ। यो नदी बगेर तकसेरा हुँदै तल झर्छ र सानो भेरी बन्छ। निरन्तर रुपमा बादल माथीतिर सर्दैछ। निसेल ढोर पहाडको फेदीमा मिलेको आकर्षक गाउँ हो। माथिल्लो गाउँमा ढोरपाटन तिर बाट सडक खनिएको देखिन्छ तर तल्लो ठुलो गाउँ सम्म पुगेको छैन। यतिन्जेल हामी पहाडको टुप्पोतिर पुग्न लागेका छौं।

टुप्पोमा पुग्ने क्षणको उत्साह बढ्छ। हामी जोडले कुदेर केही मिटरमा त्यहाँ पुग्छौं।

त्यहाँ मानिसले रोपेकोभन्दा प्रकृतिले राम्ररी फुलाएका फूलहरूले डाँडा रङ्गिएको छ। रातो, नीलो, पहेंलो र सेतो फूलहरूले पहाडलाई सजाएका छन्। खुशीले म जोडले चिच्याउँछु। रविन पुन पनि चिच्याउनुहुन्छ। हामी दुवै जनाको चिच्याएको कसैले सुनिदिदैन, एकान्तमा कस्ले सुनिदियोस।

आफु एक्लै आए पनि आफ्ना परिवार,आफन्त र साथीहरूलाई मन देखि सम्झन्छु। यहाँबाट पुथा र धौलागिरी हिमाल शृङ्खला राम्ररी देखिन्छ। आज बादलले ढाकेर बसेको हुनाले त्यो सौभाग्य मिलेन। तर ४००० मिटर अग्लो स्थानमा पुगेपनि हिमाल नदेखिएकोमा कुनै गुनासो छैन। उत्तर तिर फैलिएको ढोरपाटन शिकार आरक्षण क्षेत्र वरिपरि बादलहरू विभिन्न आकार बनाउँदै उडिरहेका छन्।



मगर समुदायको परम्परा अनुसार मरेका पुर्खाहरूको आत्मा माथि अग्लो ठाउँमा बस्छन्।त्यो अग्लो ठाउँ पवित्र हुन्छ भन्ने विश्वास छ।पूर्खाको बासस्थानमा फूल्ने फूलहरू चोखो हुन्छन् भन्ने समुदायको हजारौं बर्षको विश्वास छ।त्यसैले भुमे पूजा गर्दा यहाँका फूल लगेर भूमे थानमा चढाइन्छ।यो पूजा प्रत्येक वर्ष असार १ गते मनाइन्छ।तर पुर्खाको बासस्थानको फूल टिप्न भने जेठ महिनाको अन्त्यमा धेरै महिला र पुरुषहरू मिलेर जान्छन्।फूल टिप्न जाने कार्य भूमे पूजा गर्ने पुजारी र झाँक्रीको नेतृत्वमा सम्पन्न हुन्छ।मसान्तको दिन गएर भोलिपल्ट फूल टिपेर गाउँमा ल्याइन्छ र भूमे थानमा विधिपूर्वक चढाइन्छ।साथै आफन्तलाई पुर्खाको कोसेलीको रुपमा उपहार दिइन्छ।

केही दिन अघि विभिन्न ठाउँबाट यहाँ फूल टिप्न आएका मगर समुदायले हजारौं फूल टिपे। र पनि, फूल फुलाइमा कुनै कमी छैन।पवित्र पुर्खाको फूलबारीमा जुत्ता लगाएर पाइला टेक्न असहज लाग्छ।

हामी जुत्ता खोलेर बिस्तारै हिड्छौं।एकैछिनमा लुडिबुडि खर्काको काखमा सुरक्षित र आत्मीय आनन्दित भएको दैंपु महसुस हुन्छ।

मगर पुर्खाको साथ पाएको अनुभूति हुन्छ।भूमे पूजाको लागि फूल टिप्न जाने दिन आफ्ना सन्तानले फूल टिप्दा जान अन्जानमा कुनै गल्ती गरे भने माफ गर्नुहोस् भन्दै पुजारीले पुर्खालाई विधिपूर्वक अनुरोध गर्ने गर्छन्।हामीले पनि आफूलाई मनपर्ने फूलहरू टिपेर उपहारका रूपमा बोक्यौ।जाडो याममा हिउँले ढाक्ने डाँडाहरूलाई अहिले फूलहरूले धपक्कै ढाकेका छन्।हजारौं पुस्ताले मान्दै आएको मगर पुर्खाको बासस्थान यहीं होला।त्यसैले खुशीसाथ हजारौं वर्षदेखि यहाँका डाडाहरुमा रंगीचंगी फूलहरू खुशीका साथ फुलिरहेका छन्।हामि फेरि फूल हेर्न आउने बाचा गरेर ओरालो लाग्छौ, ढोरपाटन नगई फर्कनुपर्दा मनमा थकथक लागेको छ।र पनि आज हामीले देखेको, महसुस गरेको र बुझेको संसार... त्यो अनमोल छ।हामी चुपचाप बाचा गर्छौं- यो आत्माको बगैचामा फेरि आउनेछो।

भूमे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

### जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।